आज मिति २०८२ साल असार ७ गते शनिबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

| उपस्थिति | | | | |
|---|---|---|---|---|
| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२ | |

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | पातली |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | मञ्जु |
| ३० | श्री भरत गौतम | सदस्य सचिव | | |

निर्णयहरुः

१) प्रस्तावः प्रगति समिक्षा सम्बन्धमा ।

निर्णयः ६८ औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२) प्रस्तावः आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक आय, व्यय, नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तावित नीति, कार्यक्रम र रु.२ अर्ब ९० करोड ३ लाख १० हजार बराबरको आय र व्ययको अनुमान रकम उपर छलफल भई स्वीकृतिका लागि नगर सभा समक्ष पेश गर्ने ।

३) प्रस्तावः अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२ सम्बन्धमा ।

निर्णयः आगामी आर्थिक वर्ष २०८२/८३ मा उपमहानगरपालिकाले लगाउने सेवा शुल्क, कर, दस्तुर लगायतका राजश्वका दर समेटिएको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२ उपर छलफल भई विधेयक स्वीकृतिका लागि नगर सभा समक्ष पेश गर्ने ।

४) प्रस्तावः खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२ सम्बन्धमा ।

निर्णयः आगामी आर्थिक वर्ष २०८२/८३ मा उपमहानगरपालिकाले सञ्चित कोषबाट व्ययभार हुने खर्च सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८२ उपर छलफल भई विधेयक स्वीकृतिका लागि नगर सभा समक्ष पेश गर्ने ।

५) प्रस्तावः बजेट तथा कार्यक्रम संशोधन सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको नगरसभाको १५ औं अधिवेशनबाट गरेको आय र व्ययको अनुमान, नगरसभाको १६ औं अधिवेशनबाट भएको संशोधन समेतका आधारमा हालसम्म कार्यान्वयनमा नआएका योजना तथा कार्यक्रमलाई हेटौंडा उपमहानगरपालिकाको विनियोजन ऐन, २०८१ बमोजिम नपुग भएका योजना, कार्यक्रम तथा बजेट शीर्षकमा संशोधन गर्ने गरी बजेट तथा योजना तर्जुमा शाखबाट पेश भएको प्रस्ताव आगामी नगर सभामा पेश गर्ने।

६) प्रस्तावः जग्गा सिफारिस सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका वडा नं. ८ को कि.नं. २६३ को क्षेत्रफल २-६-१४ र कि.नं. ४५० को क्षेत्रफल ०-१०-११$^{1/2}$ गरी जम्मा क्षेत्रफल २-१७-५$^{1/2}$ जग्गा फिल्डबुकमा बगर र खोल्सी उल्लेख भएको सशस्त्र प्रही बल, नेपाल नं. १४ गण हे.क्वा. मकवानपुरले भोग चलनको लागि माग गरेकोमा ८ नं. वडा कार्यालयको सिफारिस समेतको आधारमा कि.नं. २६३ को पूर्व कि.नं. १७११४, १७६२५, १४०६८ समेत २० कित्ता जग्गा, पश्चिम कि.नं. २२२९९, १९१८४, १५७१ समेत १५ कित्ता जग्गा, उत्तर कि.नं. ४५० को बगर र दक्षिण कि.नं. ४४७ समेत ५ कित्ता जग्गा तथा कि.नं. ४५० को पूर्व कि.नं. ४१६, पश्चिम कि.नं. २२४३४, उत्तर कि.नं. ४५१ र दक्षिण कि.नं. २६३, २२११३, २२२९८ र २२२९९ यति चार किल्ला क्षेत्रभित्रको जम्मा २-१७-५$^{1/2}$ जग्गा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को व्यवस्था बमोजिमको प्रकृया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

प्रमाणीकरण गरियो !
दस्तखतः ........
नामः भरत गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत

७) प्रस्तावः जग्गा वर्गीकरण संशोधन सिफारिस सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका ५ नं. वडा कार्यालयको च.नं. ४७७३ मिति २०८२/०३/०५ गतेको प्राप्त पत्रानुसार जग्गाधनी श्री दिपक कार्कीको नाममा दर्ता कायम भएको जि.म.हेटौंडा उपमहानगरपालिका वडा नं. ५ को कि.नं. २०५३९ र २०५४० को क्षेत्रफल क्रमशः ०-२-१५ र ०-६-५.२५ जग्गा हेटौंडा उपमहानगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण, २०७९ बमोजिम व्यवसायिक क्षेत्रमा परेकोमा उक्त जग्गालाई व्यवसायिक क्षेत्रबाट आवासीय क्षेत्रमा संशोधन गर्नको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा उक्त कि.नं. २०५३९ र २०५४० को जग्गा व्यवसायिक क्षेत्रबाट आवासीय क्षेत्रमा संशोधन गर्ने र सो को जानकारी सम्बन्धित वडा कार्यालय मार्फत सम्बन्धित तालुक निकायमा गराउने ।

८) प्रस्तावःबालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणा कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा ।

निर्णयः मिति २०८२ फाल्गुण १ गते हेटौंडा उपमहानगरपालिकालाई बृहत समारोहका बीच बालमैत्री स्थानीय शासनयुक्त उपमहानगरपालिका घोषणा कार्यक्रम सम्पन्न गरिएकोमा घोषणामा प्रयोग गरिएको भिडियोग्राफी, फोटोग्राफी तथा ड्रोन, क्यामेरा र प्रत्यक्ष प्रशारण बापतको रकम निजी क्षेत्रबाट सहयोग गर्ने मौखिक बाचा भए अनुरुप कार्यक्रम सम्पन्न गरी कार्यक्रमको सम्पूर्ण खर्च रकम भुक्तानी समेत भइसकेकोमा उक्त सहयोग प्राप्त हुन नसकेको हुँदा सो बापतको रु.९९,४४०।- रकम आर्थिक वर्ष २०८१/८२ को कार्यक्रम शीर्षक बालमैत्री स्थानीय शासनयुक्त वडा तथा नगर घोषणा र दिगोपना, खर्च शीर्षक २२५२२ मा विनियोजित रकम रु.२०,००,०००।- (बिस लाख) बाट खर्च हुने गरी झलझली मल्टी क्रियसन म्युजिकलाई भुक्तानी गर्ने ।

९) प्रस्तावः मापदण्ड र नक्साङ्कन पेश गर्ने सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको स्थानीय भूउपयोग परिषद्बाट स्वीकृत भएको भूउपयोग वर्गीकरणका आधार तथा मापदण्ड र भूउपयोग वर्गीकरणको नक्साङ्कन भूउपयोग वर्गीकरणको थप प्रक्रिया अगाडि बढाउन नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नापी विभाग, मिनभवन, नयाँ बानेश्वर, काठमाडौंमा पेश गर्ने ।

१०) प्रस्तावः पुस्तक खरिद सम्बन्धमा ।

निर्णयः नेपालका वैज्ञानिक महावीर पुनद्वारा लिखित "सम्झना, सपना र अविरल यात्रा" (आत्मकथा) पुस्तक वहाँले लिनु भएको उद्देश्य परिपुर्तिका लागि यस उपमहानगरपालिकाबाट सहयोग स्वरुप ७५० प्रति पुस्तक खरिद गरी सो को भुक्तानी गर्ने ।

११) प्रस्तावः म्याद थप सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका कार्यालय तथा वडा कार्यालयबाट उपभोक्ता समिति मार्फत् सञ्चालित योजना तथा कार्यक्रमको कार्य सम्पन्न गर्ने म्याद मिति २०८२।०३।२० गते सम्म थप गर्ने ।

१२) प्रस्तावः कार्यक्रम सहयोग सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाबाट जारी भएको विकास कार्यक्रम सहायता कार्यविधि, २०८० बमोजिम नेपाल स्टपोर्ट्स सेन्टर, नेकोसलाई राष्ट्रिय महिला भलिवल प्रतियोगिता सञ्चालन गर्नको लागि शिक्षा विकास महाशाखा अन्तर्गतको बजेटबाट खर्च हुने गरी रु.७ लाख कार्यक्रम सहयोग उपलब्ध गराउने ।

प्रमाणीकरण गरियो !
दस्तखतः ..............
नामः भरत गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत